# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## सिंजा गाउँपालिका

### जुम्ला





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सिंजा गाउँपालिका

### जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## सिंजा गाउँपालिका

### जुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. : ४१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
सिंजा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जुम्ला।

**कैफियत सहितको राय**

हामीले सिंजा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.५ करोड ६७ लाख ८८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २६ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २० लाख १५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९४ लाख ३७ हजार र पेश्की रु २६ लाख ९५ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.२२ करोड ८ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २७ करोड ७६ लाख १४ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# सिंजा गाउँपालिका, जुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | १३४ | ५६७८८ | ० | ० | ० | ५२ | १३४ | ५६७८८ | २६५० | २९४३७ | २२०१५ | ० | ० | ५१४४३ | २६९५ |

### 1.2 प्रतिक्रियाबाट फस्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिंजा गाउँपालिका जुम्ला | २२०८२६ | ० | ० | २२०८२६ | ० | ५६७८८ | २७७६१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सिंजा गाउँपालिका, जुम्ला , सिन्जा गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Mitralal Dhitla | २०७९-५-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gauri Kanta Chaulagain | २०७६-९-९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,७८८,३८३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,४१,५९,५१२.५६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,५३,७५,६५३.९४ | **चालु खर्च** | २१,९४,९४,९४५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,४३,९१,४०९ | **पूँजीगत खर्च** | ११,३१,८७,३७६.७ |
| **राजश्व बाँडफाँट** | ५,२५,२८,२३८.६१ | **वित्तीय/अन्य व्यवस्था** | ५,७०,९९,६५०.७२ |
| **आन्तरिक आय** | १,४१,५९,५१२.५६ | | |
| **अन्य आय** | ४,३३,३४,३३१.१६ | | |
| **कुल आय** | ४०,९७,८९,१४५.२७ | **कुल खर्च** | ३८,९७,८१,९७२.४२ |
| **बाँकी मौज्दात** | | ३,४१,६६,६८५.४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । पालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १५३.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार ३ सय ९५ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण**<br>गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को संचित कोषको प्राप्ति र भुक्तानी विवरण निम्नानुसार छ: | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | ३८०७५४४०९ | ३५२७३१००१.५५ | | ३५२७३१००१.५५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ३८०४०४४०९ | ३५२२९५३०१.५५ | ० | ३५२२९५३०१.५५ |
| ११००० कर | ५९९३५००० | ५२५२८२३८.६१ | ० | ५२५२८२३८.६१ |
| १३००० अनुदान | ३२०२८४४०९ | २९९७६७०६२.९४ | ० | २९९७६७०६२.९४ |
| संघीय सरकार | ३०५८९३००० | २८५३७५६५३.९४ | ० | २८५३७५६५३.९४ |
| प्रदेश सरकार | १४३९१४०९ | १४३९१४०९ | ० | १४३९१४०९ |
| १४००० अन्य राजस्व | १८५००० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ३५०००० | ४३५७०० | | ४३५७०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ३५०००० | ३५०००० | ० | ३५०००० |
| धरौटी | ० | ८५,७०० | ० | ८५,७०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ३९४९१३९२१.५६ | ३३२८०९५२८.७ | | ३३२८०९५२८.७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ३९४५६३९२१.५ | ३३२६८२३२१. | | ३३२६८२३२१. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ६ | ७ | | ७ |
| २१००० पारिश्रमिक / सुविधा | १२४६८०००० | ११७२६०७५२ | ० | ११७२६०७५२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७१२१६४९४.५६ | ५९९३८६८५ | ० | ५९९३८६८५ |
| २५००० सहायता (Subsidy) | २२४११००० | २०७७६५८५ | ० | २०७७६५८५ |
| २६००० अनुदान | २४१६४०९ | २०७५२६५ | ० | २०७५२६५ |
| २७००० सामाजिक सुरक्षा | २८३११००० | १७१०८६५८ | ० | १७१०८६५८ |
| २८००० अन्य खर्च | ३७००००० | २३३५००० | ० | २३३५००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १४१८२९०१८ | ११३१८७३७६.७ | ० | ११३१८७३७६.७ |
| घ. अन्य भूक्तानी | ३५०००० | १२७२०७ | | १२७२०७ |
| कोषहरु | ३५०००० | ३१०००० | ० | ३१०००० |
| धरौटी | ० | ० | ० | ० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -१८२७९३ | | -१८२७९३ |
| ङ. यो वर्षको बचत (न्युन) | -१४१५९५१२.५६ | १९९२१४७२.८५ | | १९९२१४७२.८५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४१५९५१२.५६ | | १४१५९५१२.५६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -१४१५९५१२.५६ | ३४०८०९८५.४१ | | ३४०८०९८५.४१ |
| | | | | |
| बैंक तथा नगद बाकी | | ३४०८०९८५.४१ | | ३४०८०९८५.४१ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३३६००१०२३ | ४६४००० | ४६०९८४ | ४६०९८४ |
| 314010123 | ६५६६२७५२ | ६५६६२७५० | ६५६६२७५० |
| ३७०००११६४ | १६००००० | १९९८४०५ | १९९८४०५ |
| जम्मा | ८२१२६७५२ | ६८१२२१३९ | ६८१२२१३९ |

प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३०१००१०२४ | १३०३९००० | ११२९३०६३.२० | १७४५९३६.८० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३०१००१०२३ | १०५००० | १०५००० | १०५००० | | |
| | | | | ३१४०००११३ | ५०००० | ० | ० | | |
| | | | | जम्मा | १३१९४००० | १३१९८०६३.२० | १३१९८०६३.२ | | |
| ३ | | | **बजेट तथा कार्यक्रमः** | | | | | | |
| ३.१ | | | बजेट पेश पारित र अख्तियारीः स्थानीयनीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री जन्मकन्या खत्री ले मिति २०७८।०३।१० गते रु ३९ करोड १४ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था लाई कार्यान्वियन गरीनु पर्दछ । | | | | | | |
| ३.२ | | | **अवण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष रु १ करोड ६८ लाख ६५ हजार बजेट अबण्डामा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिका को निर्णयबाट रु. १ करोड ४७ लाख ६३ हजार ६ सय ३१ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | **बजेट सिमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ३.४ | | | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ | |
| ३.५ | | | **गत वर्षको दायित्वः** उपालिकाले योजना छनौट गर्दा आवश्यकता एवं औचित्यताको आधारमा छनौट गर्नु पर्दछ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, बाट काम गर्न बाकि रहेको योजनालाई भुक्तानी दिन बाकिँ योजना भनि बजेट विनियोजन गरी रु ७४ लाख ६५ हजार भुक्तानी गरेको देखिएको छ । आवश्यकता र प्राथमिकताका आधारमा नया योजना नबनाईकन सम्झौता गरेका योजनाहरू सम्झौता बमोजिम सम्पन्न नगर्दा समेत पुन त्यहि योजनामा संचालन गरी भुक्तानी गर्दा अत्यावश्यक काममा बजेट अभाव हुन जाने देखिन्छ । । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |

| भुक्तानी दिन बाँकीको कार्यक्रम/योजना/विवरण | रकम |
|---|---|
| जिव्रका पक्की पुल निर्माण | १०६०६९३ |
| धापा अमर शाहीको घरदेखि कृष्ण आचार्यको घरसम्म बाटो पिसिसि | ३००००० |
| सुगुरखोर सिंचाई ट्याङ्की निर्माण | २००८२५ |
| चाँखा पोखरी निर्माण डिग्रा | ५००००० |
| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | नराकोट कोटेसाँघु निर्माण | २०५९५०० | | |
| | | | | | | | |
| | | | | गाडापानी सिंचाई ट्याङ्की निर्माण | ३४३२५० | | |
| | | | | वठा कार्यालय देखि फुङ्ग्रसम्म सडक निर्माण | १०००००० | | |
| | | | | मुझेरीखोला देखि धजहाल्नासम्म सिंचाई कुलो निर्माण | २३१००० | | |
| | | | | हाम्रो स्वर्ग बहुउदेश्यीय सहकारी संस्था | ३४३२५० | | |
| | | | | काँडागाँउ स्याउ तथा ओखर खेति विस्तार | २००००० | | |
| | | | | भाडगाँउ दियारको रुख देखि जोडु दियारके रुखसम्म गोरेटो बाटो निर्माण | २८०००० | | |
| | | | | पिपलकाख रुख देखि जोडु मा वि सम्म सडक निर्माण | ३४३२५० | | |
| | | | | भाडगाउ दलित वस्ती खानेपानी | ५०००० | | |
| | | | | रामचुला कृषि सहकारी संस्था | ३४३२५० | | |
| | | | | वडा नं. ६ खानेपानी | ६०००० | | |
| | | | | युवा तथा खेलकुद कार्यक्रम | १००००० | | |
| | | | | जेष्ट नागरिक सम्मान कार्यक्रम | ५०००० | | |
| | | | | जम्मा | ७४६५०१८ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.६</td><td></td><td></td><td>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार त्रैमासिक रुपमा लक्ष्य प्रगतीको बिवरण तयार गरेको देखिएन । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>चालु खर्चतर्फ</td><td>२१,९४,९४,९४५</td><td>३,९५,७५,२८३</td><td>५५,६९,७१२५</td><td>१२,४२,२२,५३७</td><td>१०,२६,६६,७२२</td></tr>
<tr><td></td><td>पुजिगत खर्चतर्फ</td><td>११,३१,८७,३७६.७०</td><td>२२,५१,५५०</td><td>४,३६,०९,१६६.७०</td><td>६,७३,२६,६६०</td><td>४,५५,०५,८६२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३,२६,८२,३२१.७०</td><td>४,१८,२६,८८३</td><td>९,९३,०६,२९१.७०</td><td>१९,१५,४९,१९७</td><td>१४,८१,७२,५८४</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१२.५७</td><td>२९.८५</td><td>५७.५७</td><td>४४.५३</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३३ करोड २६ लाख ८२ हजार ३२१.७० निकासा भएकोमा प्रथम चौमासिक १२.५७ प्रतिशत, दोश्रो चौमासिकमा २९.८५ प्रतिशत र तेश्रो चौमासिकमा ५७.५७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ४४.५३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानिय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२६२४४३२५</td><td>२५०७१७६८</td><td>८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>९९३२४९०३</td><td>७९६४५११०</td><td>२४</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१८४३२३११९</td><td>१५७२८७१५०</td><td>४७</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१२५०५०००</td><td>१०९०१६०१</td><td>३</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६९०४३४९५</td><td>५९७७६६१३</td><td>१८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९१४४०९२२</td><td>३३२६८२३२२</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ३ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>३.८</td><td></td><td></td><td>खर्च विश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २१ लाख ४० हजार राजस्व बाँडफाँड र अनुदानबाट रु ५ करोड २५ लाख २८ हजार समेत रु ५ करोड ४६ लाख ६८ हजार आम्दानी भएकोमा चालु तर्फ रु २१ करोड ९४ लाख ९४ हजार र पूँजिगत तर्फ रु ११ करोड ३१ लाख ८७ हजार समेत रु ३३ करोड २६ लाख ८२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६० लाख ७२ हजार खर्च भएको छ जुन आन्तरिक आयको २८३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६ प्रतिशत चालु ३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | कानून र संचालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, १२ वटा कार्यविधि लगायत २४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २१ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ४.२ | | | न्यायिक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ र यो बर्ष थप भएको ४ गरी कुल ९ विवाद दर्ता भएकोमा ५ वटा मात्र फछौंट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ५ | | | **विविध खर्च तथा अनुत्पादक खर्चः**<br>विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९०,४२,४९८ खर्च गरेको छ । विविध खर्च सम्बन्धि सिमा निर्धारण गरि मापदण्ड बनाएर खर्च गर्नुपर्दछ । | |
| ६ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फस्यौंट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फस्यौंट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम पेश्की फर्छयौट गर्नुपर्ने रु. | २,६९५,५०० |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म | रकम |
|---|---|---|---|
| १ | श्री भैरव माध्यमिक विद्यालय नराकोट | श्री भैरव माध्यमिक विद्यालय नराकोट | ३५,६४० |
| २ | श्री भैरव माध्यमिक विद्यालय नराकोट | श्री भैरव माध्यमिक विद्यालय नराकोट | ४७,५२० |
| ३ | कैलास मावि फुङ्ग्र भवन निर्माण | कैलाश मा वि फूंग्र भवन नि उ स | ३,१६,८०० |
| ४ | काँटै डाबकाना कालिकादेवि सडक निर्माण | काटै डावकाना कालिका देवि सडक नि उ स | १,३२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | डिग्रगाउँ पावरहाउस सडक निर्माण | डिग्रागाउँ पावर हाउस सडक नि उ स | २,११,२०० | |
| | | | | ६ | जुकेमुल खोला स्वाडा खडा खर्क आरेकाँडा कृषि सडक नि उ स | जुकेमुल खोला स्वाडा खडा खर्क आरेकाँडा कृषि सडक नि उ स | २,९०,४०० | |
| | | | | ७ | सिंजा बहुमुखी क्याम्पस भवन निर्माण | सिंजा बहुमुखी क्याम्पस भवन नि उ स | १,७१,६०० | |
| | | | | ८ | गोरा गाउँ बाटो पिसिसि नि उ स | गोरा गाउँ बाटो पिसिसि नि उ स | २,६४,००० | |
| | | | | ९ | घोडेकोट जलविधुत नि उ स | घोडेकोट जलविधुत नि उ स | २,६४,००० | |
| | | | | १० | फुङ्ग्र खानेपानी ग्याविन निर्माण | फुंग्र खानेपानी ग्याविन नि उ स | २,१३,८४० | |
| | | | | ११ | जनतासंग अध्यक्ष | मोराचौर देखि वडा कार्यलय सम्म सडक नि उ स | १,४८,५०० | |
| | | | | १२ | जनतासंग अध्यक्ष | सिंजा गाउँपालिका भवन नि उ स | ३,००,००० | |
| | | | | १३ | देवी डाँडा स्वास्थ्य इकाई व्यवस्थापन तथा कर्मचारी पारिश्रमिक | पदम बहादुर भण्डारी | १,००,००० | |
| | | | | १४ | मसलन्द तथा कार्यालय सामाग्री | विश्वेश्वर खत्री | २,००,००० | |
| | | | | | जम्मा | | २६९५५०० | |
| ७ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको छैन ।<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३२ जनाको दरबन्दी रहेकोमा १४ दरबन्दी रिक्त रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १७ जना कर्मचारीहरु करारमा राखी रु. १४१०६००० भुक्तानी गरेको छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा करार नियुक्ति गरी बर्षभरीमा रु १५ लाख ४० हजार ६०० भुक्तानी गरेको अनियमित रु | १,५४०,६०० |
| ८.२ | | | निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु १ करोड ९० लाख हजार तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ८.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोष मा रु ५ लाख जम्मा गरेको छ ।बजेट विनियोजन गरेपनि कोषको खाता सञ्चालन भएको छैन ।उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट ऐन कानून तर्जुमा भएको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ५ लाख ८७ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायताको मापदण्ड र कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>अनुदानको अनुगमन<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>अनुत्पादक खर्च<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. १ लाख ७० लाख खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>भौ नं</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१९४</td><td>नेपाल कम्युनिष्ट पार्टी एमाले</td><td>जनसभा सम्बोधन</td><td>५००००</td></tr>
<tr><td>२</td><td>३९४</td><td>१५ जना वाजा टिम</td><td>सचेतना कार्यक्रम</td><td>९५०००</td></tr>
<tr><td>३</td><td>१७२</td><td>कर्णाली सेवा समाज बाँके</td><td>आर्थिक सहायता</td><td>२५०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१७००००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११ करोड ३१ लाख ८७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १३ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.२ लाख ८८ हजार ५०० बजेटबाट खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| १४ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन: | |
| १४.१ | | | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २ करोड ९६ लाख ४४ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १ करोड ४१ लाख ५९ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १ करोड ४७ लाख १३ हजार घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | १४,७१३,३३३ |
| १४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.२०२०७५६ र पुजीगत खर्च खातामा रु.१७४७४०४१ समेत गरी रु.१,९४,९४,७५७ मौज्दात राखेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.३ | | | बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरी पेश गरेको छ । | |
| १५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु पर्दछ । | |
| १६ | | | **सम्पत्ति व्यवस्थापन:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी गरेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ | |
| १७ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | ५०१०६६ | ५०१०६६ | ०० |
| २ | चालु खाता | २०२०७५६ | २०२०७५६ | ०० |
| ३ | पूँजीगत खाता | १७४७४०४१ | १७४७४०४१ | ०० |
| ४ | मर्मत खाता | ०० | ०० | ०० |
| ५ | कल्याण कोष खाता | ५००००० | ५००००० | ०० |
| ६ | प्रकोप व्य कोष खाता | ३७५६२४ | ३७५६२४ | ०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.१ | | | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ३३२६८२३२२ ; आन्तरिक आय: २१४०६२५ ; आन्तरिक आय प्रतिशत: ०.६४<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा०.६४ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १७.२ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २१ लाख ४० हजार ६ सय २५ अर्थात अनुमान भन्दा २१४ प्रतिशत बढी आय प्राप्त गरेको छ यसबाट राजश्व प्राप्तिको अनुमान नै सही भएको भन्न सक्ने अवस्था भएन । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १७.३ | | | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.४ | | | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १८ | | | **सामाजिक सुरक्षातर्फ** | |
| १८.१ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा –** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक गरेको छैन । | |
| १८.२ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । सामाजिक सुरक्षा भत्ता रु ५,०२,३२,०४० बैक मार्फत भुक्तानी गरेपनि र बालबालीका पोषण भत्तार रु १५४००७१ नगद नै वितरण गरेकोले कार्यविधि पालना गरेको देखिएन स्विकृत कार्यविधी पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| १८.३ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्नेछ । तर यस गाउँपालिकाले सो नगरेको पाइएकोले मूल अभिलेख कट्टा गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>बढी भुक्तानी:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले रनुखाना बाँब सडक निर्माण गर्न रु.१२ लाख ४७ हजार को लागत अनुमान तयार पारी उपभोक्ता समितिको अंश कटाई रु. ९ लाख ५० हजार दिने गरी सम्झौता गरेकोमा रु. १० लाख भुक्तानी गरेकोले सम्झौता भन्दा बढी भुक्तानी गरेको रु. ५० हजार असुल गर्नु पर्ने रु</td><td>५०,०००</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>उपभोक्ता समितिबाट सिमा भन्दा बढीको कार्य :<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ९७(१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारको योजना संचालन गर्न मुल लागत अनुमान रु १ करोड भन्दा बढी रहेकोमा प्रत्येक वर्ष काम टुक्रा पारी १ करोड भन्दा कममा सम्झौता गरी उपभोक्ता समिति मार्फत कार्य गराएको देखिएको छ । मुल लगात अनुमान रू १ करोड भएको अवस्थामा उपभोक्ता समिति मार्फत कार्य गराउने उदेश्यले कान टुक्रा पारी उपभोक्ता समिति मार्फत गराई भुक्तानि गरेको रु ८० लाख ५५ हजार नियम सम्मत नभएको रु.<br>
<table>
<tr><td>योजनाको नाम</td><td>मुल लागत अनुमान</td><td>यो वर्षको काम</td><td>भुक्तानी</td></tr>
<tr><td>गाउपालिका भवन</td><td>६३९४८८२४.०८</td><td>३२१०६२५.०८</td><td>२६६४८१९</td></tr>
<tr><td>स्वास्थ कार्यालय भवन वडा नं.२</td><td>१०००१७०९.२</td><td>९७२९७६.८</td><td>८६५६१२</td></tr>
<tr><td>स्वास्थ्य कार्यालय भवन वडा नं. ६</td><td>१०००१७०९.२</td><td>५४५०९५६.३५</td><td>४५२४२९४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८०५४७२५</td></tr>
</table></td><td>८,०५४,७२५</td></tr>
<tr><td>२१</td><td>१०८</td><td>२०७८-९-४</td><td>विना प्रयोजन भुक्तानी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार कुनै रकमको भुक्तानीदिदा रित पुगेवा नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले साराखोला डवकाना एल सि बोर्ड तथा व्यवस्थापन शिर्षकबाट धनमान सिंहलाई रोकायलाई विना सम्झौता तथा कार्य सम्पन्न बेगर रु.२ लाख ८० हजार भुक्तानी गरेको देखिएकोले प्रयोजन खुल्ने प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.</td><td>२८०,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>नापजाँच बेगर भुक्तानी<br>यस परीक्षण सूचिमा समावेश भएका विषयसङ्ग सम्बन्धित परस्पर जोडिएका वा अन्य प्रकारका विषय भएमा त्यस्ता विषयको यथेष्ठ लेखापरीक्षण प्रमाण सम्लग्न गरी परीक्षण र विश्लेषण गर्ने [तर नयाँ विषयको परीक्षण गर्नु नपर्ने, परीक्षण गर्नैपर्ने अवस्था देखिएमा लेखापरीक्षण योजना संशोधनको प्रकृया अपनाएर नयाँ जोखिम क्षेत्र र नयाँ परीक्षणसूचि समावेश गरी सोही क्षेत्र र सूचिमा समावेश भए बमोजिम गर्ने]</td><td>२००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>नाराकोट काठेपुल निर्माण:<br>गाँउपालिकाले नाराकोट काठपुल निर्माण गर्न रु.५७९०७८५ को लागत अनुमान तयार पारी उपभोक्ता समितिबाट रु.५८०४००६ को कार्य सम्पन्न गरी रु.४५३५६६० भुक्तानी गरेको हाल सो पुल भत्किएर काम नदिने अवस्थामा पुगेको छ । स्थलगतरुपमा हेर्दा सो पुल को डिजाईन गर्दा आवश्यक लम्बाई नपुर्याएको कारण नदि सघुरिन गई वर्षायाममा भत्केको देखिन्छ । पर्याप्त प्राविधक ज्ञान नभएको उपभोक्ता समिति मार्फत काम गराएको र पुलको वरिपरी बाट अनाधिकृत ढुंगा गिटि बालुवा झिक्ने गरेको कारण पनि पुल भत्किएको हुन सक्ने देखिएको छ । तसर्थ नदि वरिपरी बाट अनाधिकृत ढुंगा गिटि बालुवा झिक्ने काममा नियन्त्रण गरी प्राविधिक दक्षता भएको निर्माण व्यवसायी बाट प्रतिष्पर्धा गरी यस्ता कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बढी दरमा भुक्तानी<br>सार्वजनिक खरिद नियमावलीको नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा तोकिएको दररेटको आधारमा निर्धारण गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारको योजना संचालन गर्दा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु. १२,६५५ असुल गर्नु पर्ने रु.
<table>
<tr><td>योजनाको नाम</td><td>आईटम</td><td>ईकाई</td><td>परिणाम</td><td>स्वीकृत दर दर</td><td>भुक्तानी भएको दर</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>रनुखाना देखि सिंजा सग्रहालय सम्म जाने बाटो निर्माण</td><td>Reinforcement</td><td>kg</td><td>१८६७</td><td>१३९.६१</td><td>१४६.४८</td><td>१२६५५</td></tr>
</table></td><td>१२,६५५</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>विल भरपाई<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले निम्नानुसारको भुक्तानी गर्दा विल भरपाई बेगर रु.११,१४,२४५ भुक्तानी गरेको देखिएकोले विल भरपाइ पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.
<table>
<tr><td>भौ.नं. मिति</td><td>विवरण</td><td>भुक्तानी</td></tr>
<tr><td>४४८-२०७९।३।२३</td><td>सुगुरखोर कृषि फर्म घेरबार निर्माण</td><td>३६००००</td></tr>
<tr><td>४४७-२०७९।३।२३</td><td>न्यू मालिका निर्माण सेवा</td><td>१५४२४५</td></tr>
<tr><td>१४२-२०७९।३।३०</td><td>सुगुरखोर कृषि फर्म घेरबार निर्माण</td><td>६०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१११४२४५</td></tr>
</table></td><td>१,११४,२४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **उपभोक्ता समितिबाट सामान खरिदः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । पालिकाले सामुहिक प्रयोजनका लागि उपभोक्ता समितिबाट विभिन्न भाँडा कुडा खरिद गराई रु. ५ लाख भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानि नियम सम्मत नदेखिएको रु | ५००,००० |
| २७ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| २८ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| २९ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३० | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः**<br>गाउँपालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन गरी रु. खर्च गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | **बढी भुक्तानी** मुख्य मन्त्रिरोजगार कार्यक्रमको अनुसुची ५ मा योजनाको प्रकृती अनुसार कामदार र निर्माण सामग्रीको अनुपात तोकेको छ । गाउपालिकाले निम्नानुसारको योजनामा सामग्री खरिद वापत तोकेको अनुपात भन्दा बढी रकम भुक्तानी गरेको देखिएकोले असुल गर्नु पर्ने रु.<br><br>योजनाको नाम \| सामग्रीमा गरेको भुक्तानी \| सामग्रीमा हुनपर्ने भुक्तानी \| बढी भुक्तानी<br>घोडे लेखदेखि पूर्ने खोला सम्म सिचाई कुलो \| ७३७१७२ \| ६१२८३६ \| १२४३३६<br>जच थर्पिबाडा हिलो रहित सडक निर्माण \| ७१३९०४ \| ७९३८२७ \| १०००७<br> \| जम्मा \| \| १३४३४३ | १३४,३४३ |
| ३०.२ | | | **कन्टिन्जेन्सी खर्च:** मुख्य मन्त्रिरोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ को दफा ११(२) मा कन्टिन्जेन्सी खर्चबाट सम्बन्धित आयोजनाको अनुगम मुल्यांकन, श्रमिकको सामुहिक दुर्घटना बिमा, प्राविधिकको पारिश्रमिक र प्रशासनिक शिर्षकमा मात्र खर्च गर्न मिल्ने उल्लेख छ । गाउँपालिकाले उक्त कार्यविधि विपरीत कन्टिन्जेन्सी बाट मोटर साईकल खरिद गरी चन्द्र सुर्य आयल स्टोरलाई भुक्तानी गरेको रु.२८८३४७ नियम सम्मत नभएको रु. | २८८,३४७ |
| ३१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका विभिन्न १७ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष६५० जनालाई रोजगारी उपलव्ध गराई रु. १ करोड ५० लाख ७८ हजार खर्च गरेको छ । लक्षित १०० दिनदेखि १३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td>१३६</td><td>२०७९-३-२२</td><td>पशु तर्फ<br>आ.व. ०७७।०७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम निरन्तरताका लागि वडा नं ६ मा गठित महादेव बाख्रा पकेट समितिबाट बाख्रा जिउ ३३ वटा रु १०००० का दरले ३३०००० र बोका जिउ ६ वटा रु ४०००० का दरले रु २४०००० जम्मा रु ५७०००० को श्रमदानको हाजिरी र गाँउपालिकाबाट साझेदारी नभएकोले सम्झौता को प्रमाण पेश नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु</td><td>५७०,०००</td></tr>
<tr><td>३३</td><td>९६</td><td>२०७९-३-४</td><td>सशर्तबाट फरक शिर्षकमा भुक्तानि<br>शसर्त अनुदानको रकम तोकिएको शिर्षकमा मात्र खर्च गरिनु पर्दछ । मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत ३ वटा स्वास्थ्य चौकिहरुमा USG कार्यक्रम सञ्चालनमा संघीय शशर्त अनुदान बाट रु १,००,००० आएकोमा स्वास्थ शाखा प्रमुख ललित जङ्ग रोकायाले रु १,०८,३०० भुक्तानि गरेको देखियो। USG का लागि अस्पताल प्राथामिक स्वास्थ्य केन्द्र वा वर्थिङ्ग सेन्टरहरु बाट गर्भवति तथा सुत्केरी आकस्मिक प्रेषण कार्यक्रमबाट भुक्तानि भएको छ । शशर्त अनुदान प्राप्त निकासाको खर्च तोकिएबमोजिमको खर्च सम्बन्धित शिर्षकबाट खर्च नगरी अन्य काममा खर्च भएको अनियमित रु</td><td>८,३००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>जिन्सी दाखिला<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका स्थित विभिन्न वडा कार्यालय तथा स्वास्थ्य चौकीहरु मा जिन्सी दाखिला गर्ने गरेको नपाइएको तथा केन्द्रीय जिन्सी खातामा समेत सो को विवरण प्राप्त हुन नआएकोले जिन्सी मालसामानको अवस्था एकीन हुन नसकेकोले प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>मिति</th><th>जिन्सी मालसामान</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>२३८</td><td>२०७९।०२।०४</td><td>ल्यापटप</td><td>१९७७९८</td><td>जिन्सी दाखिला नरहेको</td></tr>
<tr><td>३५७</td><td>२०७९।०३।२४</td><td>स्टेशनरी सामान</td><td>१४७००</td><td>जिन्सी दाखिला नरहेको</td></tr>
<tr><td>३९२</td><td>२०७९।०३।३२</td><td>स्टेशनरी सामान</td><td>८८०५०</td><td>जिन्सी दाखिला नरहेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३००५४८</td><td></td></tr>
</table></td><td>३००,५८४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>औषधी खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>:
<table>
<tr><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td></tr>
<tr><td>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td></tr>
<tr><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td></tr>
<tr><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td></tr>
<tr><td>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</td></tr>
<tr><td>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनुदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु. ३,८६,३४४ बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकाासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>महिला छात्रवृत्ती
<table>
<tr><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>हुनुपर्ने निकासा</th><th>भएको निकासा</th><th>बढी निकासा</th></tr>
<tr><td>भैरव मा वि</td><td>१३२</td><td>१६२०००</td><td>२५४०००</td><td>९२०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>३०८,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देउराली रत्नलाल आ वि | ३४ | ३४००० | ४८००० | १४००० | | |
| | | | | देउती आ वि | ७१ | ७९५०० | १४३५०० | ६४००० | | |
| | | | | फुटशिल आ वी | ५९ | ७२५०० | १०१००० | २८५०० | | |
| | | | | जनज्यौती आ वि रुघा | ४७ | ५८५०० | ६८५०० | १०००० | | |
| | | | | जनता आ वि | ३० | ३०००० | ३६००० | ६००० | | |
| | | | | कैलास मा वि फुंग्रा | १०० | १२४५०० | १४९५०० | २५००० | | |
| | | | | कालकिका मा वि विष्टबाडा | ३० | ३०००० | ३८००० | ८००० | | |
| | | | | कालिका आ वि गोर्न | १२७ | १५१५०० | १५५५०० | ४००० | | |
| | | | | केदारनाथ आ वि बारे | ७६ | ८८००० | ९०५०० | २५०० | | |
| | | | | कुलदेवि मुडु आ वि | २१ | २१००० | २२००० | १००० | | |
| | | | | महादेव आ वि | ६२ | ७९५०० | ८०००० | ५०० | | |
| | | | | मलिक मा वि धापा | १४२ | १८७००० | २२५००० | ३८००० | | |
| | | | | रोप्नि जनजागृती मा वि | १८ | १८००० | १९००० | १००० | | |
| | | | | सारदा आ वि घोडसपानी | ८२ | ९५००० | ९८००० | ३००० | | |
| | | | | मा वि जोडु | १०४ | १२१००० | १३२००० | ११००० | | |
| | | | | जम्मा | | | | ३०८५०० | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.२ | | | पाठ्यपुस्तक | ७७,८४४ |
| ३७ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| देउति आ वि | ११३ | ६८३२१ | ९१४४७ | २३१२६ |
| जनज्योती आ वि रुघा | ९२ | ५८९९४ | ६०९४१ | १९४७ |
| कैलास मा वि | ३२९ | १९९०५७ | २२५५१० | २६४५३ |
| महादेव प्रा वि | ८ | ४३०० | ७२०५ | २९०५ |
| मालिका मा वि | ६६१ | ३७९७७४ | ३९७९९७ | १८२२३ |
| शान्ती आ वि | १०१ | ५३६६६ | ५८८५६ | ५१९० |
| जम्मा | | | | ७७८४४ |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या २०७९ |
|---|---|---|---|---|---|
| १ | श्रीभैरवमा विनराकोट सिंजा | १६ | १६ | ४ | ४८८ |
| २ | श्रीमालिकामा विधापा | ९ | ९ | १ | ७६१ |
| ३ | श्रीकैलाश मावि फुग्र | ९ | ९ | १ | ४४५ |
| ४ | श्रीमावि. जोडु | ४ | ४ | | २९९ |
| ५ | श्रीमहादेव मावि. गोठीपिर्गि | ४ | ४ | | २२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | श्रीशारदा आवि गाँडापानी | ३ | ३ | | २०४ | | |
| | | | | ७ | श्रीआवि. चुलेलगाँउ | ४ | ४ | | २१८ | | |
| | | | | ८ | श्रीदेउती आवि भाडगाँउ | ० | ० | | १७४ | | |
| | | | | ९ | श्रीकालिका. आवि गोरा | ४ | ४ | | ३०५ | | |
| | | | | १० | श्रीकेदारनाथ आवि. केदारनाथ | ३ | ३ | | १९४ | | |
| | | | | ११ | श्रीशान्ति. आवि. तल्लोगोठी | १ | १ | | १३६ | | |
| | | | | १२ | श्रीजनज्योती. आवि. रुगा | ३ | ३ | | ११२ | | |
| | | | | १३ | श्रीशान्तीजन. आवि काँडागाँउ | १ | १ | | १०१ | | |
| | | | | १४ | श्रीफुटाशिली. आवि. धिताललिही | ४ | ४ | | १२६ | | |
| | | | | १५ | श्रीकुलदेवमाडु. आवि. प्याकुरेबाडा | १ | १ | | ५५ | | |
| | | | | १६ | श्रीकालिका. आवि. विष्टबाडा | १ | १ | | ८० | | |
| | | | | १७ | श्रीरोप्नी. जनजागृती. आवि. रनुखाना | २ | २ | | ३८ | | |
| | | | | १८ | श्रीदेउराली. आवि. डिग्रा | १ | १ | | ६८ | | |
| | | | | १९ | श्रीचन्द्रसूर्य आवि भुली | ० | | | २९ | | |
| | | | | २० | श्रीजनता आवि शनिगाउँ | ० | | | ८६ | | |
| | | | | २१ | श्रीमहादेव आवि स्याउले | ० | | | २५ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२</td><td>श्री मन सामुदायिक आवि गोरा</td><td>०</td><td></td><td></td><td>८६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७०</td><td>७०</td><td>६</td><td>४२५२</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>ईन्टरनेट सेवा विस्तार<br>गाउँपालिकाले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तरगर विद्यालयलाई ईन्टरनेट जडान गर्न रु. २ लाख ४ हजार अनुदान दिएकोमा ईन्टरनेट जडान गरेको प्रमाण पेश नगरेकोले ईन्टरनेट जोडेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.</td><td>२०४,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारको योजना तथा कार्यक्रम संचालन गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम कार्य सम्पन्न प्रतिवेदन बेगर रु. ३६ लाख भुक्तानी गरेकोले निर्देशिकामा उल्लेख भए अनुसार कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३९.१</td><td></td><td>०</td></tr>
</table></td><td>३,६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६०७२००० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ५४००० | ५४००० | ३२४००० | ३२४००० | ९७२००० | १७२८००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | २१६००० | ७२००० | २१६००० | ५७६००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३६००० | ३६००० | २१६००० | ७२००० | १०८००० | ४६८००० |
| ५ | समन्वय तथा सहजीकरण | १८०००० | १४४००० | ५७६००० | ३९६००० | १०८००० | १४०४००० |
| ६ | अतिथि सत्कार | ६०००० | ४८००० | २८८००० | ७२००० | २१६००० | ६८४००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ८४००० | ७२००० | २१६००० | १४४००० | २१६००० | ७३२००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ९०००० | ९०००० | २७०००० | ४८०००० |
| | जम्मा | | | | | | ६०७२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>

**बहाल कर**

आयकर ऐन, २०५८ को दफा ८८ (२) मा तोकिए बमोजिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । औषधी तथा अन्य सामाग्री ढुवानी गर्दा नियमानुसार १० प्रतिशतका दरले हुन आउने बहालकर सम्बन्धित कर्मचारीबाट असुल उपर गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

<table>
<tr><th>मिति</th><th>भुक्तानि दिने</th><th>भुक्तानि रकम</th><th>बहाल कर १० प्रतिशत</th></tr>
<tr><td>९३।०७८।९।२०</td><td>ललित रोकाय</td><td>२६,०००</td><td>२,६००</td></tr>
<tr><td>९३।०७८।९।३०</td><td>ललित रोकाय</td><td>१५,०००</td><td>१,५००</td></tr>
<tr><td>१८५।२०७८।११।२५</td><td>मदन सिंह खत्री</td><td>२५०००</td><td>२५००</td></tr>
<tr><td>३९२।२०७९।०३।३२</td><td>दल वहादुर रोकाया</td><td>४०००</td><td>४००</td></tr>
<tr><td>८२।२०७९।०३।०१</td><td>जनक राज हमाल</td><td>१७५००</td><td>१७५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८७५०</td></tr>
</table>

</td><td>८,७५०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**जनप्रतिनिधिको पेश्की**

कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ मा कार्यालय प्रमुख, लेखा प्रमुख तथा जनप्रतिनिधिहरुले भ्रमण खर्च वाहेकको कुनै पनि कार्यका लागि पेश्की लिन नपाईने व्यवस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा प्रयोजन बेगर भ्रमण गर्न नपाइने उल्लेख छ । तर तपशिल बमोजिमका पदाधिकारीले पेश्की लिएकोले अनियमित देखिएको रकम नियमित गर्नुपर्ने रु

<table>
<tr><th>भौ नं</th><th>मिति</th><th>प्रयोजन</th><th>पेश्की लिने पदाधिकारी</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td>५९</td><td>२०७८।०८।१३</td><td>नेपालको विभिन्न ठाउँको भ्रमणका लागि</td><td>देवलसिंह रावल</td><td>१०००००</td><td>प्रयोजन बेगर भ्रमण गरेको ।</td></tr>
<tr><td>२१५</td><td>२०७९।०१।०५</td><td>न्यायिक समितिको आधारभूत मेलमिलाप प्रशिक्षण तालिम</td><td>जन्मकन्या खत्री</td><td>४०००००</td><td>प्रशिक्षण तालिमका लागि पेश्की ।</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>५०००००</td><td></td></tr>
</table>

</td><td>५००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>

**पदाधिकारी भ्रमण खर्चः**

कर्णालीप्रदेशस्थानियतहकापदाधिकारितथासदस्यहरुकोसुविधासम्बन्धीऐन२०७७कोअनुसूची२कोद्रष्टव्यमासरकारीकामकाजकोशिलशिलामाजिल्लाबाहिरमात्रैदैनिकभ्रमणभुक्तानीदिनमिल्नेव्यवस्थाछ । पालिकाका अध्यक्ष श्री देवलसिंह रावलले आफ्नो जिल्ला बाहिर निम्नानुसारका मितिमा भ्रमण गरी भ्रमण वापतको रकम भुक्तानी लिइएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रकम रु

<table>
<tr><td>भ्रमण मिति</td><td>रकम</td></tr>
<tr><td>०७८।७।३ देखि ७।९</td><td>११,२५०</td></tr>
<tr><td>०७८।६।७ देखि ६।१३</td><td>११,२५०</td></tr>
<tr><td>०७८।५।३ देखि ५।९</td><td>११,२५०</td></tr>
<tr><td>०७८।४।१६ देखि ४।२२</td><td>११,२५०</td></tr>
<tr><td></td><td>४५,०००</td></tr>
</table>

</td><td>४५,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>

**होटल खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार कुनै रकमको भुक्तानीदिदा रित पुगेवा नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले कुनै पनि प्रयोजन नखुलाईकन सदरमुकाममा रहेका होटलहरुमा गरेको निम्नानुसारको विलको भुक्तानी गरेको देखिएकोले उक्त खर्च नियम सम्मत नभएको रु.

<table>
<tr><td>भौ.नं. मिति</td><td>होटलको नाम</td><td>विवरण</td><td>भुक्तानी</td></tr>
<tr><td>५२-२०७८।८।१८</td><td>होटल दौतरी</td><td>खाना मासु सेकुवा</td><td>५५५१३४</td></tr>
<tr><td>९०-२०७८।९।२</td><td>होटल परोपकार</td><td>खाना मासु</td><td>५०००००</td></tr>
<tr><td>१९१-२०७८।११।१९</td><td>होटल दौतरी</td><td>खाना मासु कोठा</td><td>६८३०८</td></tr>
<tr><td>१४९-२०७८।११।१९</td><td>होटल दौतरी</td><td>बास खाना नास्ता</td><td>७१४९६८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८३८४१०</td></tr>
</table>

</td><td>१,८३८,४१०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **जस्ता पाता तथा पाईप खरिद:**<br>**गाउँपालिकाले** को जस्ता तथा पाईप खरिद **रु.** ८३,५६,५३४ भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ४५.१ | | | **टुक्रा खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु २० लाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले पाईप तथा पाता एउटै फर्मबाट पटकपटक खरिद गरी निम्नानुसार रु. ८३,५६,५३४ भुक्तानी गरेको देखिन्छ ।बोलपत्र मार्फत प्रतिष्पर्धा गरी खरिद गर्नु पर्नेमा टुक्रा पारी खरिद गरी गरेको भुक्तानी नियम सम्मत नभएको रु. | ८,३५६,५३४ |

| क्र सं. | भौ.न.मिति | फर्मको नाम | सामान | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११३-२०७८।९।४ | न्यू मालिका निर्माण सेवा | जस्ता। पाईप | ११९८९९६ | एकै संस्थावाट समेत वार्षिक १० लाख भन्दा वढीको खरिद |
| २ | १०४-२०७८।९।२ | न्यू मालिका निर्माण सेवा | पाईप | १६२७२० | |
| ३ | १७३-२०७८।९।२२ | न्यू मालिका निर्माण सेवा | पाईप | ८०००० | |
| ४ | २२०-२०७८।१२।१४ | न्यू मालिका निर्माण सेवा | पाईप | २००००० | |
| ५ | २५--२०७८।८।८ | न्यू मालिका निर्माण सेवा | पाईप | ९१०००० | |
| ६ | ४९-२०७८।८।१७ | न्यू भैरव केदार जनरल स्टोर | पाईप जस्ता | ६९३००३ | एकै संस्थावाट समेत वार्षिक १० लाख भन्दा वढीको खरिद |
| ७ | ९९-२०७८।९।२ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | १९९८४०० | |
| ८ | ९७-२०७८।९।२ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | ८०००० | |
| ९ | ९५-२०७८।९।२ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | ८०००० | |
| १० | १८९-२०७८।११।१८ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | ३९९९६६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | [illegible] | १८७-२०७८।११।१८ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | १८०९६८ | | |
| | | | १२ | १८५-२०७८।११।१८ | न्यू भैरव केदार जनरल स्टोर | जस्ता | ९९९०६ | | |
| | | | १३ | ३११-२०७९।२।१३ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | ६४९९८ | | |
| | | | १४ | ३३८-२९७९।३।२ | न्यू भैरव केदार जनरल स्टोर | जस्ता | १५१८८१ | | |
| | | | १५ | ४१४-२०७९।३।१९ | न्यू भैरव केदार जनरल स्टोर | पाईप | २००००० | | |
| | | | १६ | ८२-२०७८।८।२२ | अल्ट्रा सोलार एण्ड ईलेक्ट्रोनिक्स सप्लायर्स | पाईप | १२०००० | एकै संस्थावाट समेत वार्षिक १० लाख भन्दा वढीको खरिद | |
| | | | १७ | ११७-२०७८।९।५ | अल्ट्रा सोलार एण्ड ईलेक्ट्रोनिक्स सप्लायर्स | पाईप | ३०००१५ | | |
| | | | १८ | ११६-२०७८।९।५ | अल्ट्रा सोलार एण्ड ईलेक्ट्रोनिक्स सप्लायर्स | पाईप | २८०००० | | |
| | | | १९ | २४-२०७८।३।२५ | न्यू भैरव केदार जनरल स्टोर | सिमेन्ट | ११५५६८१ | | |
| | | | | जम्मा | | | ८३५६५३४ | | |
| ४५.२ | | | **वितरणमुखी कार्य:** गाउँपालिकाले पूजिगत तर्फको खर्च गर्दा दिर्घकालिन महत्व तथा पूजि निर्माण हुने तवरले गर्नु पर्दछ । गाउँपालिकाले रु.८३५६५३४ जस्ता तथा पाईप खरिद गरी वितरण गरेकोमा सो को प्रयोगको अवस्था वारे यकिन हुन सकिएन । यस्ता वितरणमुखि खर्चमा नियन्त्रण हुनु पर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **सुरक्षित नागरिक आवाश कार्यक्रम:**<br>**सा**र्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले नागरिक आवास कार्यक्रम संचालन गर्न न्यू भैरब जनरल स्टोरबाट निम्नानुसारको जस्तापाता खरिद गरी वितरण गरेकोमा कार्य सम्पन्न पेश नगरेकोले सो जस्ता पाता प्रयोग भएनभएको यकिन गर्न सकिएन । तोकोएको सिमा भन्दा बढीको सोझै खरिद गरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार नगरी जस्तापाता वितरण गरेकोले कार्य सम्पन्न प्रतिवेदन राखि नियमित गर्नु पर्ने रु. | १,६००,०३६ |

| मिति | वि.न. | भुक्तानी |
|---|---|---|
| २०७८।१२।१३ | ३६ | ४००००९ |
| २०७८।१२।१४ | ३७ | ४००००९ |
| २०७८।१२।१५ | ३८ | ४००००९ |
| २०७८।१२।१६ | ३९ | ४००००९ |
| जम्मा | | १६०००३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **सोलार खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीसलाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले एउटै फर्मबाट पटकपटक गरी निम्नानुसार रु. ३४,९९,८६० सोलार खरिदको भुक्तानी गरेको प्रतिष्पर्धा बेगर फरक फरक विजक नं. को विल बाट एकै पटक भुक्तानी दिएको नियम सम्मत नभएको रु. | ३,४९९,८६० |

| क्र सं. | भौ.न.मिति | फर्मको नाम | विजक नं. | भुक्तानी |
|---|---|---|---|---|
| १ | १५४-२०७८।९।१९ | जेनिथ मल्ट्री ट्रेड एण्ड कन्स्ट्रक्सन प्राली | ७ | ४९९९८० |
| | | | ८ | ४९९९८० |
| | | | ९ | ४९९९८० |
| २ | १५२-२०७८।९।१९ | जिज्ञासा जनरल अर्डर सप्लायर्स | ९ | ४९९९८० |
| | | | १० | ४९९९८० |
| | | | ११ | ४९९९८० |
| | | | १२ | ४९९९८० |
| | जम्मा | | | ३४९९८६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **स्वास्थ्य उपकरणको उपयोग:**<br>गाउपालिकाले गरेको खर्च प्रभावकारी हुनु पर्दछ । गाउँपालिकाले गत वर्ष नै निम्नानुसारको स्वास्थ्य सामग्री खरिद गरी भुक्तानी गरेकोमा सो उपकरण हरु हाल सम्म पनि जडान भई प्रयोगमा नआउने अवस्था देखिएकोले सो उपकरण बापत गरेको खर्च प्रभावकारी देखिएन । उक्त उपकरणहरु यथाशिघ्र जडान गरी प्रयोगमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।<br><table><tr><td>उपकरणको नाम</td><td>संख्या</td><td>दर</td><td>कुल मुल्य</td></tr><tr><td>भिडियो एक्सरे</td><td>३</td><td>४८१२००</td><td>१४४३६००</td></tr><tr><td>एक्स् रे</td><td>३</td><td>५४४५००</td><td>१६३३५००</td></tr><tr><td>ई सि जि</td><td>३</td><td>१५३३००</td><td>४५९९००</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>३५३७०००</td></tr></table> | |
| ४९ | | | **कानुनी सल्लाहकार:**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७७ मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । गाउँपालिकाले कृष्णबहादुर खत्रीलाई कानुनी सल्लाहकार नियुक्त गरी रु.५६ हजार भुक्तानी गरेको देखिएकोले उक्त खर्च नियम सम्मत नभएको रु. | ५६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृतघरनक्सादर्तापास | २ |
| **पञ्जिकरणतर्फ** | **०** |
| जन्मदर्ता | ६०४ |
| मृत्युदर्ता | ९५ |
| बसाईसराईदर्ता | ६३ |
| विवाहदर्ता | १२५ |
| सम्बन्धविच्छेददर्ता | १ |
| **पूर्वाधारविकाससडकनिर्माण** | ५ कि मी |
| कालोपत्रेसडकनिर्माण | ० |
| कालोपत्रेसडकमर्मत | ० |
| ग्राभेलसडकनिर्माण | ३ कि मी |
| ग्राभेलसडकमर्मत | १.५ कि मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **योजना छनौट र कार्यान्वियन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br>रु १ लाख सम्म: ९५; रु १ लाख देखि २ लाखसम्म: ८५; रु २ लाखदेखि ५ लाखसम्मका: ५७; रु ५लाख देखि १० लाखसम्मका: १९; रु १० लाखभन्दा बढीको: ५; जम्मा: २९२<br>विवरण अनुसार पालिकाले यस वर्ष रु. ४० हजार देखि ८३ लाख सम्मका जम्मा २९२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९५वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने र दीर्घकालिन असर समेत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ५२ | | | **मूल्य अभिवृद्धि कर** | |

Inner table (row ५१):

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ९५ | ८५ | ५७ | १९ | ५ | २९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.१ | | | **बेरितको कर विजक** मूल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम १७ अनुसार मूल्यअभिवृद्धि कर मा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा करविजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरु ले जारी गरेको विजकमा निम्नानुसार कैफियत देखिएकोले मुल्य अभिवृद्धि कर रकम रु. ४,९०,६५८ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४९०,६५८ |

| क्र. सं. | भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक मिति | विजक नं. | विजक रकम | समायोजन गर्नु पर्ने मुअकर कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३-२०७८।७।१७ | मालिका कन्सट्रकस्न | ६००४०४१६३ | २०७८।६।१९ | - | १५९२९२१ | २०७०७० | विजक नं. हातले कोरेको |
| | ६५-२०७८।८।२१ | युवि मल्टिपर्पस कनस्ट्रक्सन प्रा ली | ६०९६९६४६८ | २०७८।६।१९ | - | ८६६४० | ११३९४ | विजक नं. हातले कोरेको |
| | १६४-९-२० | | | २०७८।९।१० | - | ७६०००० | ९८८०० | |
| | ४२७-२०७९।३।२२ | कनकासुन्दरी निर्माण सेवा | ६०६१४५२२८ | २०७९।१।२१ | - | ३०४०००० | ३९५२० | विजक नं. नबुझिएको |
| | ४३०-२०७९।३।२२ | निशा कन्स्ट्रक्सन | ६०३७३४२९१ | - | २ | ९००००० | ११७००० | मिति नभएको |
| | ७।२०७९।३।२५ | माउन्ट पारन एग्रोभेट सेन्ट | ६०४१३०४९१ | - | | २४६९७४ | १६८७४ | विजक नं.३५ हातले कोरेको |
| | जम्मा | | | | | | ४९०६५८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.२ | | | **नन फाईलर**: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधी समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ।कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरु नन फाईलर रहेको देखिदा मुल्य अभिवृद्धि कर रकम रु. १,४५,९५१ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रुः | १४५,९५१ |
| ५३ | | | **परामर्श सेवा तथा डिपिआर** | |

| भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक मिति | विजक नं. | विजक रकम | समायोजन गर्नु पर्ने मुअकर कर रकम | ननफाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| रश्मी निर्माण सेवा | ३०२७१८९००० | २०७९।३।९ | २१ | २४३७५० | ३५६८८ | २०७८।२ |
| | | २०७९।३।१६ | १६ | ४११४१ | ५३५३ | |
| | | २०७९।३।१४ | ९ | ८५००० | ११०५० | |
| | | २०७९।३।५ | ८ | ७२२००० | ९३८६० | |
| जम्मा | | | | | १४५९५१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३.१ | | | **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्यविवरण | परामर्शदाता | खर्चरकम |
|---|---|---|
| कार्य विवरण | परामर्शदाता | खर्चरकम |
| वडानं. ६को हेल्थ पोष्टकोभवननिर्माण | मोडुलसईन्जिनियरिङकन्सल्टेन्स | ९९८४४९ |
| वडानं. २ को हेल्थ पोष्ट कोभवननिर्माण | सुप्रिमईन्जिनियरिङ | ९९६३०० |
| वडानं. ४ को हेल्थ पोष्ट कोभवननिर्माण | मोडुलसईन्जिनियरिङकन्सल्टेन्स | ९९८४४९ |
| १५ सैयाकोहस्पिटलकोभवननिर्माण | प्लसपोईन्टईन्जिनियरिङ | १९९८४०५ |
| धिताललिहीशनिगाउँसडक | फेडरलईन्जिनियरिङ | ४९१४५० |
| भकारीबाँरेकेदारनाथसडक | शर्माईन्जिनियरिङ | ५२४१७० |
| नराकोटबाँओमालिकासडक | ड्रिमहाउसईन्जिनियरिङ | ९९१०१० |
| १ नं. वडाकार्यालयभवन | सिंजालीमल्टीप्रपोजकन्स्ट्रक्सन | ४६८५०० |
| ३ नं. वडाकार्यालयभवन | मुनस्टारईन्जिनियरिङ | ४६४५०० |
| ४ नं. वडाकार्यालयभवन | युएण्डयुईन्जिनियरिङ | ४६३५०० |
| जम्मा | | ८३९४७३३ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा पालिकाको ध्यान जानुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३.२ | | | **परामर्श सेवा** – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ८३,९४,७३३ खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिष्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ५४ | | | **खर्च शीर्षक फरक पारेको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । तर तपशिल बमोजिमको रकम खर्च शीर्षक फरक पारी भुक्तानी दिएकोले नियमित गर्नुपर्ने रकम रु | ७०९,३३७ |

| भौनं | मिति | बजेटखर्चशीर्षक | रकम | हुनुपर्नेखर्चशीर्षक |
|---|---|---|---|---|
| ३९७ | २०७९।०३।२५ | भ्रमणखर्च | १८००० | पारिश्रमिकरकम |
| ३८७ | २०७९।०३।२२ | विविधखर्च | ३९३०० | सवारीसाधनमर्मत |
| २७५ | २०७९।०३।०१ | विविधखर्च | ९७००० | सवारीसाधनमर्मत |
| १८३ | २०७८।११।२४ | विविधखर्च | १८२७४७ | सवारीसाधनमर्मत |
| १८८ | २०७८।१२।१४ | विविधखर्च | १६७२५० | सवारीसाधनमर्मत |
| २०९ | २०७९।०१।०४ | अनुगमनमूल्यांकनखर्च | १९३२३० | विविधखर्च |
| - | - | रोजगारसहायककोस्थानीयभत्ता | ११८१० | प्राविधिकसहायककोस्थानीयभत्ता |
| जम्मा | | | ७०९३३७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>सामाजिक परिचालकः<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५ च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं 4 मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयां व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालककारुपमा नियुक्त नगर्ने २०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले गाउँसभावाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको छ । पालिकाले यस वर्ष ३ जना सामाजिक परिचालकलाई मासिक रु. २५०००। का दरले रु. ९ लाख ७५ हजार र पोशाक भत्ता रु ३० हजार गरी जम्मा रु १० लाख ५ हजार भुक्तानी गरेको छ। सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालक भुक्तानी भएकोले अनियमित भएको रु.</td><td>१,०५०,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>जिन्सी दाखिलाः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका स्थित विभिन्न वडा कार्यालय तथा स्वास्थ्य चौकीहरु मा जिन्सी दाखिला गर्ने गरेको नपाइएको तथा केन्द्रीय जिन्सी खातामा समेत सो को विवरण प्राप्त हुन नआएकोले जिन्सी मालसामानको यकिन हुन सकेन । यसका केही प्रतिधिनिमुलक उदाहरण हरुमा तपशिलमा उल्लिखित सामाग्रीहरु दाखिला नगरेकोले विवरण एकीन हुन नसकेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>मिति</th><th>जिन्सी मालसामान</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>२३८</td><td>२०७९।०२।०४</td><td>ल्यापटप</td><td>१९७७९८</td><td>जिन्सी दाखिला नरहेको</td></tr>
<tr><td>३५७</td><td>२०७९।०३।२४</td><td>स्टेशनरी सामान</td><td>१४७००</td><td>जिन्सी दाखिला नरहेको</td></tr>
<tr><td>३९२</td><td>२०७९।०३।३२</td><td>स्टेशनरी सामान</td><td>८८०५०</td><td>जिन्सी दाखिला नरहेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३००५४८</td><td></td></tr>
</table></td><td>३००,५४८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५७ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>· अधिकांश भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्धेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम २३ मा भ्रमण खर्च लिने प्रयोजनका लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निजले पाउने तलबबाट कट्टा गरी लिइने व्यवस्था छ । साथै कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा १५ (२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था भए बमोजिम अनुसूची २ को द्रष्टव्यमा सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था रहेको छ । तपशिल बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई भ्रमण खर्च वापत बढी भुक्तानी गरिएको रकम सम्बन्धित बाट असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>क्र सं</th><th>नाम थर</th><th>भ्रमण अवधि</th><th>भुक्तानी भएको रकम रु</th><th>असुल गर्नुपर्ने रकम रु</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>धन बहादुर रावत</td><td>०७८।०८।०१-०८।०७ र ०७९।०१।०४-०१।०४</td><td>१७४५०</td><td>१७४५०</td><td>दोहोरो भ्रमण</td></tr>
<tr><td>२</td><td>भिम रोकाया</td><td>२०७९।०२।१७-२०७९।२।२३</td><td>११४५०</td><td>११४५०</td><td>भ्रमण अवधिभर हाजिरी</td></tr>
<tr><td>३</td><td>पदम बहादुर भण्डारी</td><td>२०७९।०३।११-२०७९।०३।१७</td><td>१२०००</td><td>१२०००</td><td>भ्रमण अवधिभर हाजिरी</td></tr>
<tr><td>४</td><td>देवलसिंह रावल</td><td>२०७८।१२।०१-०७, ०७८।१२।१०-१८, ०७८।११।२१-२७</td><td>३३७५०</td><td>३३७५०</td><td>जिल्ला बाहिर प्रयोजन वेगर भ्रमण गरेको</td></tr>
<tr><td>५</td><td>कर्ण प्रसाद सिमखाडा</td><td>२०७९।३।१५ देखि ३।२२</td><td>१३,८००</td><td>६,९००</td><td>औषधी खरिदका लागि ३ दिन जुम्ला बजार गएकोमा ६ दिनको भुक्तानी गरेको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५९२५०</td><td>८१५५०</td><td></td></tr>
</table>
</td><td>८१,५५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.२</td><td>११६</td><td>२०७९-३-१४</td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम ७(८) बमोजिम कुनै प्रशासकीय जिल्लाको सदरमुकाम क्षेत्र वा रात बिताउनु पर्ने गरी खटीएको स्थान देखि पन्ध्र किलोमिटरभित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता र होटल बास खर्च नपाउने व्यवस्था रहेको छ । पालिका की कर्मचारी श्री मेनका महतले निम्नानुसार मितिमावडा नं ३ नराकोटका लागि पजिंकरण कामको शिलसिलामा भ्रमण गएवापत लिएको भत्ता कानुन बिपरित भएकाले असुल गर्नुपर्ने रु
<table>
<tr><td>भ्रमण गएको मिति</td><td>रकम</td></tr>
<tr><td>२०७८।८।१७ देखि ८।१९ सम्म</td><td>२,९५०</td></tr>
<tr><td>२०७८।१०।२९ देखि १०।३० सम्म</td><td>२,६४०</td></tr>
<tr><td>२०७८।१२।२९ देखि १२।३० सम्म</td><td>२,९५०</td></tr>
<tr><td>२०७८।१२।२८ देखि १२।३० सम्म</td><td>२,९५०</td></tr>
<tr><td>२०७९।१।२९ देखि १।३० सम्म</td><td>२,९५०</td></tr>
<tr><td>२०७९।२।२७ देखि २।३१ सम्म</td><td>२,९५०</td></tr>
<tr><td>जम्मा</td><td>१७,३९०</td></tr>
</table></td><td>१७,३९०</td></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>स्थानीय भत्ताः भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैंनिक भत्ता उपभोग गरेको अवधी भर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता, वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । नियममा भएको व्यवस्था विपरित कार्यालयबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भत्ता भुक्तानी हूदाँ स्थानिय भत्ता कट्टा नगरेको देखिएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><td>कर्मचारीको नाम</td><td>दिन</td><td>दर</td><td>बढी भुक्तानी भएको रकम</td></tr>
<tr><td>राजकुमार भट्ट</td><td>२८</td><td>३९३</td><td>११००४</td></tr>
<tr><td>मदन सिंह खत्री</td><td>१४</td><td>२५७</td><td>३६००</td></tr>
<tr><td>बिरेन्द्र बोहरा</td><td>१४</td><td>२५७</td><td>३६००</td></tr>
<tr><td>सविना रावल</td><td>२०</td><td>२१५</td><td>४३००</td></tr>
</table></td><td>१६८,४२४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गजेन्द्र महत | २८ | २१५ | ६०२० | | |
| | | | | प्रकाश राना | २८ | २१५ | ६०२० | | |
| | | | | मित्रलाल धिताल | २१ | ३९३ | ८२५० | | |
| | | | | धन वहादुर रावत | २८ | २१५ | ६०२० | | |
| | | | | शान्ती कुमारी भण्डारी | २१ | २१५ | ४५१५ | | |
| | | | | धर्मेन्द्र शर्मा | २१ | ३९३ | ८२५० | | |
| | | | | टेक बहादुर शाही | ४५ | ३९३ | १७६८५ | | |
| | | | | विश्वेश्वर खत्री | २१ | २१५ | ४५१५ | | |
| | | | | विशुऋषि आचार्य | २८ | २५७ | ६०२० | | |
| | | | | भिम रोकाया | ७ | २५७ | १८०० | | |
| | | | | मनिषा बुढा | २८ | २५७ | ७२०० | | |
| | | | | दलविर कामी | २८ | २१५ | ६००० | | |
| | | | | धनलक्ष्मी पाण्डे | २८ | २५७ | ७२०० | | |
| | | | | लंक राज धिताल | ७ | २५७ | १८०० | | |
| | | | | कर्ण प्रसाद सिम्खाडा | ७ | २५७ | १८०० | | |
| | | | | पूर्ण बहादुर बुढा | ७ | २१५ | १५०० | | |
| | | | | धनलाल बुढा | ७ | २१५ | १५०० | | |
| | | | | नर बहादुर रोकाया | २५ | ३९३ | ९८२५ | | |
| | | | | ललित जंग रोकाया | ३१ | ३९३ | १२१८० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>पदम बहादुर भण्डारी</td><td>५०</td><td>३९३</td><td>१९६५०</td></tr>
<tr><td>दल बहादुर रोकाया</td><td>१४</td><td>२५७</td><td>३६००</td></tr>
<tr><td>लाल बहादुर बुढथापा</td><td>१०</td><td>२५७</td><td>२५७०</td></tr>
<tr><td>विरेन्द्र वोहरा</td><td>५</td><td>३९३</td><td>२०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१६८४२४</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गरि भुक्तानी दिदा कट्टा गरी पालिकाको रोजगार शाखामा कार्यरत निम्नानुसारको कर्मचारीको परिश्रमिक कर कट्टी नगरेकोले पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>५८.१</td><td></td><td>०</td></tr>
</table></td><td>१२६,४०५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>प्रशिक्षण भत्ताः<br>नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालिन निर्देशिका २०७७ मा तालिम केन्द्र बाहेक अन्य निकायद्वारा सञ्चालित सबै प्रकारका तालिममा स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक गाउँपालिका स्तरका लागि अधिकृत स्तरीय तालिममा कार्यपत्र वापतको रकम रु १००० तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु ४०० तथा सहायक स्तरीय तालिममा कार्यपत्र वापतको प्रति कक्षा रकम रु ७०० तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु ६०० का दरले दिनुपर्ने व्यवस्था रहेको छ । तर यस गाउँपालिकाले पालिका स्तरीय वृहत पोषण सम्बन्धी तालिम कार्यक्रमका लागि तोकिएको नर्मस भन्दा बढी भुक्तानी दिएको रकम सम्बन्धित कर्मचारीहरुबाट असुल उपर गर्नुपर्ने रकम रु<br>
<table>
<tr><th>कर्मचारीको नाम थर</th><th>दिन</th><th>दिएको दर</th><th>दिनुपर्ने दर</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>नर बहादुर रोकाया</td><td>७</td><td>१५००</td><td>६००</td><td>४७२५</td></tr>
<tr><td>ललित जंग रोकाया</td><td>७</td><td>१५००</td><td>६००</td><td>४७२५</td></tr>
<tr><td>लाल बहादुर रोकाया</td><td>७</td><td>१५००</td><td>६००</td><td>४७२५</td></tr>
<tr><td>लंकराज धिताल</td><td>७</td><td>१५००</td><td>६००</td><td>४७२५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१८९००</td></tr>
</table></td><td>१८,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **बैठक भत्ता :**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धी ऐन २०७७ को दफा ११ मा बैठक भत्ता वापत पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची २ बमोजिमको रकम बैठक भत्ता वापत पाउने व्यवस्था छ । साथै अनुसूची २ को द्रष्टव्यमा ऐनमा उल्लेखित सुविधा बाहेकको सुविधा नपाउने उल्लेख छ । कानून वमोजिम गठन भएका समितिहरुमा कार्यालय समयभन्दा वाहिर वैठक गर्दा तोकिए बमोजिम वैठक भत्ता पाउने व्यवस्था भएतापनिअर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको कार्य संचालन निर्देशिका २०७७ को दफा ७.१.१ वैठक भत्ताको मापदण्ड सि.नं. १ माएउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी वस्ने वैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । पालिकाका पदाधिकारी तथा कर्मचारीहरुले तपशिलमा उल्लिखित कार्यक्रममा बैठक वापत बुझेको भत्ता सम्बन्धित बाट असुल गर्नुपर्ने रु | ११७,७२५ |

| गो भौ नं | मिति | खर्च शीर्षक | भुक्तानी रकम | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| १९० | २०७९।०३।२५ | महिला बालबालिका अपांगता भएका व्यक्ति ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक को तथ्यांक संकलन | ३६५५० | बैठकमा उपस्थिति | पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता |
| १५८ | २०७९।०३।२४ | वार्षिक बहुक्षेत्रीय पोषण योजना कार्यक्रम | ८११७५ | बैठकमा उपस्थिति | प्रथम दोस्रो तथा तेस्रो बैठकमा पदाधिकारी तथा कर्मचारी को भत्ता |
| जम्मा | | | ११७७२५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | १३० | २०७९-३-१९ | **शसर्त बाट खर्च**<br>शसर्त अुनदानको रकम तोकिएको शिर्षकमा मात्र खर्च गरिनु पर्दछ । गाउँपालिकाले शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत धापा सामुदायिक सिकाइ केन्द्रकी परिचालिका श्री इश्वरिदेवि उपाध्यायले वडा नं १ का काम गरेकि संघिय सरकारबाट हस्तान्तरित अनुदानबाट मासिक रु ८००० का दरले र यस गाउपालिका कोष बाट रु ७००० का दरले जम्मा रु १५००० दिएकाले संघिय हस्तानतरीत कार्यक्रमबाट भुक्तानी गरेको १२ महिनाको रु ९६००० संघिय सञ्चितकोषमा दाखिला हुनुपर्ने रु | ९६,००० |
| ६२ | | | **विपद् व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२.१ | | | **विपद व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कोषमा रु १ लाख जम्मा गरेकोले ५ लाख ८६ हजार ४ सय खर्च गरेकोमा कार्यविधि एंव मापदण्ड वेगर आम्दनी खर्च गरेको पाइएको ले नियम बनाई खर्च गर्नुपर्दछ । | |
| ६२.२ | | | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६२.३ | | | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु | |
| ६३ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारी भएका आर्थिक कारोबार ब.उ.शि.नं.३०१००१०२४, ३०१००१०२३ र ३१४०००११३ को प्रदोश लेखा ईकाई र ब उ शि नं. ३३६००१०२३, 314010123 र ३७०००११६४ को मात्र कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट आन्तरीक लेखा परिक्षण गराऐको छ । वित्तिय समानिकरण अनुदान, शसर्त अनुदान, राजस्व बाडफाड र आन्तरीक आयबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।<br>प्रदेश लेखा ईकाई तथा कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट आन्तरीक लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.१ | १ | | **प्रदेश तर्फको आलेप**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी दिनु पर्ने व्यवस्था रहेको छ। मिति २०७९।३।२४ मा विष्टवाडा घोडेङ्गा गाँउ भित्रको गोरेटो बाटो निर्माण उपभोक्ता समितिलाई भुक्तानीमा बिल रु २०५६००४ रहेकोमा रु २०६४००० भुक्तानी भएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | ७,९९६ |
| ६३.२ | ३ | | कन्टिन्जेन्सि सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम निर्माण कार्य र परामर्श सेवाको कन्टिन्जेन्सि खर्च स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। स्विकृत कार्यविधि अनुसार खर्च रकमको २ प्रतिशत हुन आउने कन्टिन्जेन्सी भन्दा बढी खर्च रु २८३७८ भुक्तानी भएकोले रोजगार संयोजक ईन्द्रराज गिरी बाट असुलउपर गर्नुपर्ने रु | २८,३७८ |
| ६३.३ | 1 | | बहाल कर आयकर ऐन २०५८ को दफा ८७ बमोजिम १० प्रतिशत बहालकर कट्टि गरेर मात्र गाडी भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। मेदे बगर सिंचाई कुलो निर्माण उपभोक्ता समितिले ढुवानी भाँडा बापत रु ४५००० भुक्तानि गर्दा कट्टि गर्न छुटेको १० प्रतिशत बहालकर असुलउपर हुनुपर्ने रु | ४,५०० |
| ६४ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ मा बैठक भत्ता वितरणमा पदाधिकारी पारीश्रमिक कर १५ प्रतिशत को दरले करकट्टि गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाबाट संञ्चालित क्षयरोग तथा कुष्ठरोग कार्यक्रममा कर्मचारीहरु सहभागि भत्ता वापत कट्टा हुने पारिश्रमिक कर दाखिला नभएको रु १८०५ सम्वधित बाट असुल गरी दाखिला गर्नुपर्ने रु | १,८०५ |
| ६५ | | | **कन्टिन्जेन्सी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु ७,५३,९०० कट्टी गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ६७ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था बमोजिम आन्तरीक लेखापरीक्षण शाखा गठन भएकोमा कर्मचारीको सरुवा भएको कारण आन्तरीक लेखापरीक्षण हुन सकेको देखिएन । कर्मचारी पदपूर्ति गरी आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६८ | | | **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम:**<br>गाउँपालिकाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमका लागि गाउँपालिकाले रु. १,००,००,००० आम्दानी गरेकोमा रु. ८९,०४,६१८. खर्च गरी रु. १०,९५,३८२ फिर्ता गरेको देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>सहकारी अनुदान<br>सरकारी श्रोत तथा सम्पतीको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको सहकारी संस्थालाई अनुदान वापत दिएको रु. १४२५२५०नियम सम्मत नभएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>सहकारीको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>कोशेली बहुउदेशिय कृषि सहकारी</td><td>३२६२५०</td></tr>
<tr><td>२</td><td>पदमखोर कृषि सहकारी</td><td>२७००००</td></tr>
<tr><td>३</td><td>लालिगुरास सहकारी</td><td>२७००००</td></tr>
<tr><td>४</td><td>हाम्रो स्वर्ग बहुउदेशिय</td><td>८००००</td></tr>
<tr><td>५</td><td>लेकाली बहुउदेशिय</td><td>१४४०००</td></tr>
<tr><td>६</td><td>रामचुला समाजसुधार कृषि सहकारी</td><td>३३५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४२५२५०</td></tr>
</table></td><td>१,४२५,२५०</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>रेडियो खुला आकाश रिले टावर:<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार कुनै रकमको भुक्तानीदिदा रित पुगेवा नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ । कुनै अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन हुदैन । गाउँपालिकाले निजि रुपमा संचालित रेडियो खुला आकाशको रिले टावर निर्माण गर्न रु.१४ लाख ४० हजार भुक्तानी गरेको छ । गाउँपालिकाले सिमित तथा व्यक्तिगत व्यवसायलाई फाईदा पुग्ने गरी भुक्तानी गरेको रकम फिर्ता गरी स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रु-</td><td>१,४४०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | अनुगमन तथा संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले यो वर्षको सम्परीक्षण गराएको छैन । पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधिक बाँकी बेरुजू<br>(E=A-B+C+D) |
|---|---|---|---|---|
| २२०८२६ | ० | ५६७८८ | ० | २७७६१४ |